# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चामे गाउँपालिका, मनाङ , चामे गाउँपालिका , मनाङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मण गौली | २०७८-६-१ | २०७८-१२-१० |
| कार्यालय प्रमुख | नवेश राज हमाल | २०७८-१२-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नम नारायण मल्ल | २०७८-४-१ | |
| | | **बेरुजु रकम** | २५,७१९,३८७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११,३९,६४,१८५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १३,५३,८३,४३० | चालु खर्च | ७,६६,९२,०५५ |
| प्रदेश सरकारबाट अनुदान | १,४०,६७,००० | पूँजीगत खर्च | १३,५९,६३,५४९ |
| राजश्व बाँडफाँट | ३,४७,१५,३२४ | वित्तीय/अन्य व्यवस्था | १,३४,३७,७६२ |
| आन्तरिक आय | ३१,७०,२८९ | | |
| अन्य आय | १,४३,८७,२९५ | | |
| कुल आय | २०,१७,२३,३३८ | कुल खर्च | २२,६०,९३,३६६ |
| बाँकी मौज्दात | | ८,९५,९४,१५७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७९।६।४ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचयः<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु .पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १००६.७४ वर्ग किलोमिटर क्षेत्रफल तथा १२७२ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>सञ्चितकोषको हिसाबः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः
<table>
<tr><th colspan="8">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th colspan="4">यस वर्ष रु.</th><th colspan="3">गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/ भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/ भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>२४,२६,९२,१७०.९०</td><td>२१,५३,१९,६८३.५५</td><td></td><td>२१,५३,१९,६८३.५५</td><td>२२,८१,०४,९५०.५२</td><td></td><td>२२,८१,०४,९५०.५२</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>२१,९२,८४,८९३</td><td>१८,७३,३६,०४२.७५</td><td>०</td><td>१८,७३,३६,०४२.७५</td><td>२०,०९,४०,७५३.२६</td><td>०</td><td>२०,०९,४०,७५३.२६</td></tr>
<tr><td>११००० कर</td><td>३,७८,४७,०००</td><td>३,५८,८५,२१३.७३</td><td>०</td><td>३,५८,८५,२१३.७३</td><td>३,१७,४२,१७४.४८</td><td>०</td><td>३,१७,४२,१७४.४८</td></tr>
<tr><td>१३००० अनुदान</td><td>१७,९८,४६,०२०</td><td>१४,९४,५०,४३०.२५</td><td>०</td><td>१४,९४,५०,४३०.२५</td><td>१६,७१,०५,१११.१९</td><td>०</td><td>१६,७१,०५,१११.१९</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय सरकार | १६,५७,७९,००० | १३,५३,८३,४३०.२५ | ० | १३,५३,८३,४३०.२५ | १३,९८,७६,३९१.१८ | ० | १३,९८,७६,३९१.१८ | | |
| | | | | प्रदेश सरकार | १,४०,६७,०२० | १,४०,६७,००० | ० | १,४०,६७,००० | २,७२,२८,७२०.०१ | ० | २,७२,२८,७२०.०१ | | |
| | | | | १४००० अन्य राजस्व | १४,९१,८७३ | १७,६२,१६०.७७ | ० | १७,६२,१६०.७७ | १७,३८,०९७.९९ | ० | १७,३८,०९७.९९ | | |
| | | | | १५००० विविध प्राप्ति | १,००,००० | २,३८,२३८ | ० | २,३८,२३८ | ३,५५,३६९.६० | ० | ३,५५,३६९.६० | | |
| | | | | ख. अन्य प्राप्ति | २,३४,०७,२७७.९० | २,७९,८३,६४०.८० | | २,७९,८३,६४०.८० | २,७१,६४,१९७.२६ | | २,७१,६४,१९७.२६ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | २,३४,०७,२७७.९० | २,३४,०७,२७७.९० | ० | २,३४,०७,२७७.९० | २,२१,०२,३१७.६५ | ० | २,२१,०२,३१७.६५ | | |
| | | | | धरौटी | ० | ४५,७६,३६२.९० | ० | ४५,७६,३६२.९० | ५०,६१,८७९.६१ | ० | ५०,६१,८७९.६१ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | भुक्तानी (ग+घ) | ३३,५७,९२,१७०.९० | २२,११,८२,४१९.०९ | | २२,११,८२,४१९.०९ | १८,४४,५३,७४५ | | १८,४४,५३,७४५ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | ३१,२३,८४,८९३ | २१,२६,५५,६०३.८३ | | २१,२६,५५,६०३.८३ | १७,७६,५६,२९०.५३ | | १७,७६,५६,२९०.५३ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | ५,२०,४१,१८६ | ४,१०,९१,९९९.३६ | ० | ४,१०,९१,९९९.३६ | ४,९९,३४,८८४.४१ | ० | ४,९९,३४,८८४.४१ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | ५,२२,०७,६८७ | २,७२,३९,९०५.४१ | ० | २,७२,३९,९०५.४१ | २,२२,१९,०८०.९७ | ० | २,२२,१९,०८०.९७ | | |
| | | | | २५००० सहायता (Subsidy) | ५८,००,००० | ५५,००,००० | ० | ५५,००,००० | ३०,७४,६६६ | ० | ३०,७४,६६६ | | |
| | | | | २६००० अनुदान | ० | ० | ० | ० | १०,००,००० | ० | १०,००,००० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | २६,६०,००० | २०,००,००० | ० | २०,००,००० | १२,९३,०८७.२० | ० | १२,९३,०८७.२० | | |
| | | | | २८००० अन्य खर्च | १९,००,००० | ८,६०,१५० | ० | ८,६०,१५० | ७,४९,९८० | ० | ७,४९,९८० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १९,७७,७६,०२० | १३,५९,६३,५४९.०६ | ० | १३,५९,६३,५४९.०६ | ९,९३,८४,५९१.९५ | ० | ९,९३,८४,५९१.९५ | | |
| | | | | घ. अन्य भूक्तानी | २,३४,०७,२७७.९० | ८५,२६,८१५.२६ | | ८५,२६,८१५.२६ | १८,४४,५३,७४५ | | १८,४४,५३,७४५ | | |
| | | | | कोषहरु | २,३४,०७,२७७.९० | ७४,७९,८१५.२६ | ० | ७४,७९,८१५.२६ | ३९,८३,०२४.७५ | ० | ३९,८३,०२४.७५ | | |
| | | | | धरौटी | ० | १०,४७,००० | ० | १०,४७,००० | २८,१४,४२९.७२ | ० | २८,१४,४२९.७२ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | (९,३१,००,०००) | (५८,६२,७३५.५४) | | (५८,६२,७३५.५४) | ४,३६,५१,२०५.५२ | | ४,३६,५१,२०५.५२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ९,५८,४४,८९२.११ | | ९,५८,४४,८९२.११ | ७,०३,१२,९७९.४९ | | ७,०३,१२,९७९.४९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (९,३१,००,०००) | ८,९९,८२,१५६.५७ | | ८,९९,८२,१५६.५७ | ११,३९,६४,१८५.०१ | | ११,३९,६४,१८५.०१ |
| बैंक तथा नगद बाकी | | ८,९५,९४,१५६.५७ | | ८,९५,९४,१५६.५७ | ११,३९,६४,१८५.०१ | | ११,३९,६४,१८५.०१ |

४

**आन्तरिक नियन्त्रण प्रणाली**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १९ ऐन, ५ नियमावली, १८ कार्यविधि, ३ निर्देशिका, १ आचार संहिता र १ मापदण्ड समेत ४७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | **अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.४७ करोड १५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७८।३।२५ को निर्णयबाट चालुतर्फ भैपरी आउने शीर्षकमा रु.१२ लाख ९१ हजार र पुजीगततर्फ भैपरी आउने. शीर्षकमा रु.३४ लाख २४ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७9 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 37415000 | 27208473 | 12.79 |
| सामाजिक क्षेत्र | 155806000 | 82898120 | 38.98 |
| पूर्वाधार विकास क्षेत्र | 98807020 | 61942864 | 29.13 |
| वित्तिय व्यवस्थापन र सुशासन | 2254000 | 1567160 | 0.74 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 58102873 | 39038987 | 18.36 |
| जम्मा | 352384893 | 212655604 | 100.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५.३ | | | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 31260 | 0 | 2634 | 28626 | 11281 |
| २ | प्रदेश सरकार | 10000 | 0 | 3500 | 6500 | 6500 |
| ३ | पालिका | 94702 | 3893 | 18681 | 72128 | 31143 |
| ४ | कूल खर्च: | 135962 | 3893 | 24815 | 107254 | 48924 |
| | खर्च प्रतिशत | | 2.86 | 18.25 | 78.89 | 35.98 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | **खर्च बिश्लेषण** – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ३१७०२८९।- राजस्व बाँडफाँड र अनुदानबाट रु. २१४५६१३२३।- समेत रु. ३०८५४०२९८।- आम्दानी भएकोमा चालु तर्फ रु. ७६६९२०५५।- र पूँजिगत तर्फ रु. १३५९६३५४९।- र वित्तिय ब्यबस्था तर्फ रु. - समेत रु. २१२६५५६०४।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ५६४१२०२।- खर्च भएको छ जुन आन्तरिक आयको १७७.९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३६.०६ प्रतिशत चालु र ६३.४९ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.५ | | | **योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम रु. |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | 1 | 83000 |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | 22 | 9238000 |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | 10 | 9147000 |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | 24 | 50315000 |
| ५ | ५० लाख भन्दा माथीका | 7 | 142676000 |
| | जम्मा | | 211459000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.६ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मुनिन्द्र जंग गुरुङले २०७८।३।२३ गते रु.३४ करोड ४१ लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६ | | | **वित्तीय विवरण परीक्षण**<br>**वार्षिक प्रतिबेदन**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा वार्षिक प्रतिबेदन तयार गरेको छैन ।तसर्थ कार्यालयले नियमको पालना गरी वार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ । | |
| ७ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br>**ऐनको परिपालना तथा कार्यान्वयन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन । गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **सेवा प्रवाह विवरण**<br>**विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन-** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 75189000 | 48745080 | 26433919 |
| | विषेश | 20800000 | 16838350 | 3961650 |
| | समपुरक | 0 | 0 | 0 |
| | अन्य | 0 | 0 | 0 |
| प्रदेश सरकार | शसर्त | 0 | 0 | 0 |
| | विषेश | 3000000 | 3000000 | 0 |
| | समपुरक | 7000000 | 7000000 | 0 |
| | अन्य | 0 | 0 | 0 |
| | जम्मा | 95989000 | 75583430 | 30395569 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९.२</td><td></td><td></td><td>अनुदानको अनुगमन – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. ८ करोड १६ लाख ८ हजार तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.६ करोड ५२ लाख १ हजार गरी रु.१४ करोड ६८ लाख ९ हजार खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.३</td><td></td><td></td><td>औद्योगिक ग्राम अनुदान – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २१(३) मा विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमवाट संञ्चालन हुने कार्यक्रममा चालु आर्थिक वर्षको अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। चामे औद्योगिक ग्रामको पूर्वाधार विकास र निर्माण कार्यका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र गाउँपालिका बीच २०७७।१०।१२ मा सम्झौता भइ मन्त्रालयले गत वर्ष रु. ९२००००० ।- निकासा दिएकोमा रु. ५७६२७।- मात्र खर्च भइ रु. ९१४२३७३।- मौज्दात रहेको देखियो । यो वर्ष गत वर्षको मौज्दातबाट रु. ४९०२३६८।८८ खर्च भइ बाँकी रु. ४२४०००४।१२ मौज्दात रहेको देखियो ।</td><td></td></tr>
<tr><td>९.४</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च – पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१८००००।- भुक्तानी दिएको पाईयो ।<br><table><tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr><tr><td>१</td><td>अभिलाश रानामगर सुपरभाइजर</td><td>ज्यालादारी</td><td>180000</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>180000</td></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १०.१ | | | **सम्पत्तिको संरक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत संम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। गाउँसभाले सम्पत्ति संरक्षणको लागि चाहिने आवश्यक प्रबन्ध गरेको देखिएन । | |
| १०.२ | | | **नक्सा पास र मुल्याङकन** - स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ को १ अनुसार कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तोके बमोजिम संरचना निर्माण गर्नुपुर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वियन र मुल्याङ्कन प्रणालीलाइ यथार्थपरक बनाउनुपर्दछ । घर जग्गा मुल्याङ्कन गर्ने बैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरिनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि पठाइएको मुल्याङकन प्रतिवेदन यथार्थपरक नभै अनुमानको भरमा लेख्ने गरेको पाइएकोले सोमा सुधार हुनुपर्दछ । | |
| १०.३ | | | **जिन्सी निरीक्षण प्रतिबेदन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम १०६ बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम ९९(४) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिना भित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ । | |
| ११ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तर्फ १८ र प्रशासन तर्फ १६ समेत ३४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा प्राविधिक तथा प्रशासनिक कर्मचारी समेत ६ जनाको मात्रै पदपूर्ती भएको स्थिती तथा विभिन्न पदमा १२ जना कर्मचारीहरु करारमा राखी रु.२१८५६९०।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १२ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२१८५६९०।- भुक्तानी गरेको नियमित देखएको छैन । | |
| ११.२ | | | **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| ११.३ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ७६३०००।- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **खरिद तथा ठेक्का अभिलेख**<br>**सवारी साधन खरिद** – अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.९ लाख ८१ हजार, खर्च गरेका छ ।<br>सवारी साधनको नाम: रकम रु.<br>Bajaj Pulsar 150 Double Disk: 295900<br>Honda RX190L: 686000<br>Total: 981900 | |
| १३ | | | **बैंक खाताबाट अनिवार्य भूक्तानीः**<br>आर्थिक वर्ष २०७४।०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रवरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा श्रावण १ बाट बैंकिङ च्यानल बाट भुक्तानी गर्नु पर्ने व्यवस्था भएकोमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट रु ३५७५२।– भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नुपर्दछ, केही उदाहरण निम्नानुसार छन्ः<br>योजनाको नाम / नगद भूक्तानी लिनेको नाम र दर / नगद एकमुष्ट भूक्तानी रकम<br>त्रिचुङालया खोलामा पैदलयात्री पुल / सेर बहादुर गुरुङ समेत ९ जना प्रति व्यक्ति रु. २४२९३।- / 218637 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सेर बहादुर गुरुङ समेत ५ जना प्रति व्यक्ति रु. १८७००।- | 83600 | | |
| | | | | क्षितिज वस्ती संरक्षण | हिमाल घर्ती समेत ७ जना प्रतिव्यक्ति रु. २२८६४।- | 16048 | | |
| | | | | | विक्रम बुढा समेत ८ जना प्रतिव्यक्ति रु. १७६००।- | 668800 | | |
| | | | | कोतो मर्साङ्दी तटबन्दन योजना | दिपक खड्का समेत ३८ जना प्रति व्यक्ति रु. २५७२२।- | 462996 | | |
| | | | | | बालसिंह घर्ती समेत १८ जना प्रतिव्यक्ति १९८००।- | 356400 | | |
| | | | | हुलाक कार्यालय हुँदै सफ ड्रिङ्किङ तटबन्ध | राहुल पुन समेत १६ जना प्रतिव्यक्ति रु.३५७२५।- | 571600 | | |
| | | | | गौरीशंकर छात्रावास भवन माथि तटबन्ध | सुक बहादुर गुरुङ समेत १६ जना प्रति व्यक्ति रु. ४२९९।- | 708784 | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>
शिक्षा<br>
शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका चामे गाउँपालिकाको सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">विद्यालयको नाम/ठेगाना</th><th colspan="3">शिक्षक दरवन्दी</th><th rowspan="2">पदपुर्ति</th><th rowspan="2">पदपुर्ति मध्ये करार</th><th rowspan="2">विद्यार्थी संख्या</th></tr>
<tr><th>मा.वि.</th><th>आ.वि.</th><th>प्राविधिक धार</th></tr>
<tr><td>१</td><td>श्री लोकप्रिय मा.वि. चामे</td><td>६</td><td>६</td><td>४</td><td>१६</td><td>१०</td><td>१७३</td></tr>
<tr><td>२</td><td>श्री गौरीशंकर आ.वि. तिमाङ</td><td></td><td>५</td><td></td><td>५</td><td>१</td><td>८१</td></tr>
<tr><td>३</td><td>श्री दीन दयालु आ.वि.थान्चोक</td><td></td><td>४</td><td></td><td>४</td><td>०</td><td>६</td></tr>
<tr><td>४</td><td>श्री विश्व शान्ति आ.वि. कोतो</td><td></td><td>२</td><td></td><td>२</td><td>१</td><td>७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६</td><td>१७</td><td>४</td><td>२७</td><td>१२</td><td>२६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
कोभिड परीक्षणसूचि<br>
कोभिड खर्च- गाउँपालिकाले प्राप्त कोभिड भ्याक्सिन म्याद भुक्तान नहुदैं प्रयोग हुनेगरी कार्यक्रम तयगरी सोही अनुरुप प्रयोग गर्नुपर्नेमा आर्थिक वर्षमा प्रथम तथा दोस्रो डोजका लागी प्राप्त भएका कोभिड भ्याक्सिन १३३० डोज प्राप्त भएकोमा १३०० थान प्रयोग भई ३० डोज समयमा प्रयोग नहँदा म्याद भुक्तान भै नष्ट गरेको देखियो अतः पालिकाले प्राप्त जुनसुकै खोप तथा औषधिहरु समयमा प्रयोग गरी म्याद भुक्तान अगाबै प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **विज्ञापनमा छुट/ सहुलियत नलिई थप व्ययभार पारेको**<br>गोरखापत्र संस्थान धर्मपथ, काठमाण्डौँले सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको कार्यालयको २०७०।४।२३ को पत्रमा उल्लेख छ । गोरखापत्रवाहेक अन्य प्रकाशन संस्थाले समेत सरकारी सूचना विज्ञापनमा २५ देखि ३५ प्रतिशत सम्म छुट दिने नीतिगत निर्णय गरेको देखिन्छ । यस मन्त्रालयले विभिन्न खरिद कार्यको वोलपत्र/दरभाउको सुचना प्रकाशन गरेको उल्लेख गरी विभिन्न विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा छुट तथा सहुलियत लिएको देखिएन । छुट नलिई विज्ञापन खर्च लेखेको कारण थप व्ययभार परेको छ। यसमा सुधार गर्नुपर्दछ। केहि प्रतिनिधि उदाहरण निम्न छन्।<br><br>गो.भौ-/मिति \| विज्ञापन एजेन्सीको नाम \| कुल भुक्तानी रकम \| २५ प्रतिशत छुट गर्दा भुक्तानी हुने रकम \| फरक रकम<br>१४२।२०७८।१२।१० \| ढोरपाटन सञ्चार प्रालि \| १०५७६८ \| ७९३२६ \| २६४४२<br>२४८।२०७९।२।१९ \| ढोरपाटन सञ्चार प्रालि \| ४६१०४ \| ३४५७८ \| ११५२६<br>\| \| जम्मा \| \| ३७९६८ | |
| १७ | | | **कृषि तथा पशुमा अनुदान**<br>सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्।<br><br>विवरण (५० प्रतिशत अनुदान) \| अनुदान रकम<br>कुखुरा वितरण कार्यक्रम,२५०० वटा वितरण \| ५०००००<br>जर्सिगाइ अनुदान कार्यक्रम,३ वटा वितरण \| ३०००००<br>याक व्याड वितरण कार्यक्रम,५ वटा वितरण \| ५०००००<br>\| | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th><th></th><th></th><th>बेरुजु रकम</th></tr>
<tr><td rowspan="5"></td><td rowspan="5"></td><td rowspan="5"></td><td rowspan="4"></td><td>किटनाशक तथा ढुसीनासक कार्यक्रम,</td><td>१०००००</td><td rowspan="4"></td><td rowspan="5"></td></tr>
<tr><td>तरकारी मिनिकिट कार्यक्रम,१ वटा</td><td>१०००००</td></tr>
<tr><td>सिलपोलियन प्लास्टिक,६४ थान</td><td>४५४४००</td></tr>
<tr><td>जम्मा</td><td>१९५४४००</td></tr>
